# राज्यमा जिउनु

प्र्याङ्क्लिनका अध्ययन नोटहरु

स्वर्गको राज्य कुनै एउटा खेतमा गाडी राखिएको गाड़धनजस्तो हो, जो एक जना मानिसले भेट्टाएर लुकाइराख्दछ, र आनन्दित भएर ऊ जान्छ र **आफूसित भएका सबै बेच्छ, र त्यो खेत किन्छ** । मत्ती १३:४४

फेरि स्वर्गको राज्य असल मोतीहरु **खोज्ने** एक जना व्यापारीजस्तो हो । त्यसले एउटा **बहुमूल्य मोती भेट्टाएपछि** गएर **आफूसँग भएका सबै बेचेर त्यो मोती किन्यो** । मत्ती ४५-४६

येशूले हामीलाई यो बताउँदै हुनुहुन्छ कि परमेश्वरको राज्य **अत्यन्त बहुमूल्य** छ, जो खोजेर मात्र भेट्टाईन्छ । त्यो मानिस बुद्धिमानी हो जसले **त्यसको महत्व थाहा पाउँछ** र त्यो पाऊँनको लागि **अन्य सारा कुराको परित्याग गर्न राजी हुन्छ** ।

र यदि हामीले पहिला उहाँको राज्य र उहाँका धार्मिकता खोज्छौं भने सम्पुर्ण कुराहरु जो हाम्रो जीवनको लागि आवश्यक छ, यी सम्पूर्ण कुराहरु थपिनेछन् । मत्ती ६:३३

यो हामी के लाई **प्रेम** गर्छौं त्यससँग सम्बन्धित छ । यो हामी के कुरालाई **बहुमूल्य** ठान्छौ त्यससँग सम्बन्धित छ । यो हामी साँचो रुपमा के **चाहान्छौं** त्यससँग सम्बन्धित छ । यो हाम्रो **प्राथमिकतासँग** सम्बन्धित छ ।

- परमेश्वरको राज्यको लागि तपाईले के महत्व राख्नुहुन्छ ?
- तपाईको जीवन जिउने तरिकाले, परमेश्वरको राज्यको महत्व के छ ?

परमेश्वरको राज्य देखिने गरी आउँदैन........किनभने हेर, **परमेश्वरको राज्य तिमीहरुकै बीचमा छ** । लूका १७:२०-२१

- यो एउटा जहाँ राजालाई स्वीकारिन्छ, सम्मान दिईन्छ र आज्ञाको पालना गरिन्छ ।

र जब येशू खीष्टलाई प्रेम गरिन्छ, स्वीकारिन्छ, सम्मान दिईन्छ र उहाँको आज्ञा पालना गरिन्छ, उहाँको राज्य :

तपाईको जीवनको पुर्भाधार बन्दछ---अधिकारको मुख्य तत्व, चलाउने र तपाईले चाहने र तपाईले गर्ने सबैको लागि उत्साह दिने शक्ति बन्दछ ।

राजा आउनुभयो ताकि हामीले जीवन पाऊँ र त्यो प्रशस्त मात्रामा पाऊँ भनेर ।

तसर्थ, कसलाई र के लाई तपाई प्रेम गर्नुहुन्छ - कसको र के को अत्यन्त चाह राख्नुहुन्छ त्यसले निर्धारण गर्दछ कि तपाई कुन राज्यमा रहनुहुन्छ ।

र येशूले भन्नुभयो :

> तिमीहरुले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरु पालन गर्नेछौ । यूहन्ना १४:१५

१ यूहन्ना २:१५-१६ **संसारलाई वा संसारमा भएका कुनै पनि थोकलाई प्रेम नगर** । यदि कुनै मानिसले संसारलाई प्रेम गर्दछ भने पिताको प्रेम त्यसमा हुँदैन । (१६) किनकि संसारमा भएका सबै थोक, अर्थात् शरीरको अभिलाषा, आँखाको अभिलाषा, जीवनको शेखी पिताबाट आएका होइनन्, तर संसारबाट आएका हुन् ।

रोमी १४:१७ किनभने **परमेश्वरको राज्य** भनेको खानु र पिउनु होइन, तर पवित्र आत्मामा **धार्मिकता, शान्ति** र **आनन्द** हो ।

- धार्मिकताद्वारा विश्वासी परमेश्वरको राज्यमा रहन्छ र जिउँदछ । (सही जीवन - राजाको आज्ञा मान्नु ) फलस्वरुप : शान्ति र आनन्द आउँदछ ।

भजनसंग्रह १५ हे परमप्रभु, **तपाईको पवित्रस्थानमा कसले वास गर्न पाउनेछ** ? तपाईको पवित्र पर्वतमा को बस्न पाउनेछ ? त्यो मानिस, जसको चाल **निर्दोष** छ, र जसले **ठीक-ठीक** काम गर्छ, र हृदयबाट **सत्य** बोल्छ, जसले आफ्नो जिब्रोले **अरुको निन्दा गर्दैन**, जसले आफ्नो **छिमेकीको बिगार गर्दैन**, र आफ्नो साथी-भाइको **अपवाद फैलाउँदैन**, जसले **भ्रष्ट मानिसलाई घृणा** गर्दछ, तर परमप्रभुको भय मान्नेहरुलाई **आदर** गर्दछ, जसले **आफ्नो हानि हुँदा पनि आफूले प्रतिज्ञा गरेको कुरा बद्लँदैन**, जसले आफ्नो रुपियाँ व्याजमा लाउँदैन, र निर्दोषको विरुद्धमा घूस लिँदैन । यस्ता काम गर्ने कहिल्यै पनि डग्नेछैन ।

भजनसंग्रह ९७:२ **धार्मिकता** र **न्याय** उहाँको सिंहासनका जग हुन् ।

- **संसारका राज्यहरु** यसका राजकुमारहरुको हो र यो उनीहरुकै अधिकारमुनि पर्दछ । (एफिसी २:२-३; लुका ४:५-८)

- जसरी शैतानले हाम्रो प्रभु येशूको परिक्षा लियो, त्यसैगरी हामीलाई यस संसारको सिद्धान्त अनुसार जिउन त्यसले **हाम्रो पनि परिक्षा लिदँछ** । र त्यसले धेरै यस संसारका कुरा लिनेहरु पाउँदछ ।

- कुन राज्यमा तपाई जिउनु हुन्छ यसबाट निर्धारण हुन्छ कि तपाईले कुन कानून र सिद्धान्त आफ्नो जीवनमा स्वीकार्नु भएको छ । **यो छनोट तपाईमा भर पर्छ** ।
    - लुका ६:४६ मैले भनेका कुरा गर्दैनौ भने किन मलाई 'प्रभु, प्रभु' भन्दछौ ?
    - मत्ती ६:२४ कसैले दुई मालिकको सेवा गर्न सक्दैन ।......

यी दुई राज्यका बारेमा, येशूले यसरी वर्णन गर्नुभयो : **साँघुरो** ढोकाबाट भित्र पस, किनभने **विनाशमा** पुर्‍याउने ढोका **फराकिलो** र बाटो सजिलो हुन्छ, र त्यसबाट भित्र पस्नेहरु धेरै हुन्छन् । किनभने जीवनमा पुर्‍याउने ढोका **साँघुरो** हुन्छ र बाटो **कठिन** हुन्छ, जसले चाहिँ **जीवनमा** पुर्‍याउँछ, र **त्यो भेट्टाउने थोरै नै हुन्छन्** । मत्ती ७:१३-१४

दुईवटा बाटो - जिउने दुई तरिका - दुई गन्तव्य ।

तपाईले एउटा राज्यको तरिकाले जीवन जिएर, अर्को राज्यको फल र आशिषहरुको चाह राख्न सक्नुहुन्न ।

धेरै संख्या यस संसारको राज्यमा जिउँदै छन्, यसको अधिकारमुनि र यसको तरिकामा । "फराकिलो ढोका"ले नास्तिकतावादी, एकप्रत्यक्षवादी, र सबै धर्मलाई स्वीकार्दछ र "फराकिलो ढोका"ले जुनैपनि कुरालाई पछ्याउँने स्वतन्त्रता र तपाईलाई आफ्नो काम गर्ने स्वतन्त्रता दिदँछ ।

- लुका ९:२४ किनकि जसले आफ्नो प्राण बचाउँने इच्छा गर्छ, त्यसले त्यो गुमाउनेछ ।

र धेरै थोरै छन् जो "साँघुरो ढोका"बाट पस्ने इच्छा राख्दछन् र राजा र उहाँको राज्यलाई पछ्याउँदछन् ।

- लुका ९:२४ तर जसले मेरो खातिर आफ्नो प्राण गुमाउँछ, त्यसले त्यो बचाउनेछ ।

दुई मार्गहरु.....

अभिभावकहरु जसको धार्मिक जीवन मनतातो हुन्छ, उनीहरुले एक खुट्टा परमेश्वरको राज्यमा राखेका हुन्छन् र अर्को खुट्टा संसारमा । प्राय उनीहरुको नानीहरु परमेश्वरप्रतिको लगाभमा चिसिएका हुन्छन् ।

मलाई तिम्रा कामहरु थाहा छ । तिमी **चिसो पनि छैनौ, तातो पनि छैनौ,** चिसो कि तातो भए त हुनेथियो । किनकि **तिमी मन तातो छौ**, यसकारण म तिमीलाई मेरो मुखबाट उकेलिदिनेछु ।
प्रकाश ३:१५-१६

मनतातो अभिभावकको नतिजा : मत्ती २४

(३) चेलाहरु एकान्तमा उहाँकहाँ आएर सोधे, "हामीलाई भन्नुहोस्, यी कुरा कहिले हुनेछन्, र तपाईको आगमन र यस युगका अन्त्यको चिन्ह के हुनेछ ?" (४) तब येशूले तिनीहरुलाई जवाफ दिनुभयो, ........(१२) दुष्टता बढ्को हुनाले **धेरैको प्रेम सेलाएर** जानेछ ।

जसरी उनीहरुको संसारप्रतिको मोह र यसको तरिका तातो हुँदै जान्छ ।

धेरैले भीड़को पछि लागेर संसारको "**फराकिलो ढोका**"भित्र पसेका छन् र "**फराकिलो बाटो**"लाई चुनेकाछन् र आफ्नो जीवनमा समस्या, चोट र कष्ट निम्त्याएका छन् । तसर्थ, जीवनमा "**रमाईलो**"को रुपमा जे कुरालाई लिदैँ जान्छन् र थाहा नै नपाई त्यही कुराले उनीहरुलाई "**विनाशतर्फ पुऱ्याउँदछ**"।

- हामी सबैसँग चोट, पिडा र दाग छ र अझ धेरै गम्भीर क्षति संसारको तरिकामा जिउनाले पाउँदछौ जसै हामी फराकिलो सजिलो बाटोलाई अपनाउछौँ ।

हरेक पुस्तालाई एक **अगुवा**को खाँचो हुन्छ जसले **"जीवनमा पुऱ्याउने साँघुरो बाटो रोज्दछ"** र त्यसमा अरुलाई पनि डोऱ्याउँदछ, **मोशा**ले जस्त जसले, फारोकी छोरीका छोरा कहलाइन **इन्कार** गरे । ( संसारको नजरमा आदरणीय स्थान) पापको क्षणिक सुख भाग्नुभन्दा बरु परमेश्वरको मानिसहरुसँग **थिचोमिचोमा पर्न** तिनले **रोजे** । हिब्रू ११:२४-२५

मोशा र परमेश्वरका मानिसहरु मिश्रमा जिईरहेका थिए - एक प्रकारको यो संसारको राज्य । फारोको अधीनमुनि - एक प्रकारको शैतान ।

- हामी संसारको तरिकामा र
- हामी सामान्यरुपमा र आरामदायीसाथ संसारको तरिकामा चल्दछौं किनकि हाम्रो जन्म र हुर्काई यही भएको हो र हामी सबै यसको तरिकामा तालिम प्राप्त छौं । यो हाम्रो **डि एन ए** हो ।

परमेश्वरले उहाँको महान् शक्तिद्वारा उनीहरुलाई छुट्कारा दिनुभयो र उहाँको दास मोशाद्वारा **स्वतन्त्रता** दिलाउँनुभयो जो उनको **रोजाईका** कारणले गर्दा अगुवा बन्न **योग्यका** बने जो हामी माथिका पदहरुका देख्नसक्छौं ।

- परमेश्वरले आज यस्तै अगुवा खोजी रहनुभएको छ । उहाँले तपाईलाई हेरि रहनुभएको छ ।

उनले उनीहरुलाई "साँघुरो बाटो"बाट उनीहरुको गन्तव्यतर्फ डोऱ्याए - **प्रतिज्ञाको देश** जो **परमेश्वरको एक प्रकारको राज्य हो** । इस्त्राएलीहरुका सारा समुदायलाई तिनीहरुले भने, "हामी भेद लिन गएको देश **अत्यन्तै असल** देश छ । यदि परमप्रभु **हामीसित प्रसन्न हुनुभयो** भने, उहाँले हामीलाई त्यस देशमा ल्याउनुहुनेछ, र त्यो **दूध** र **मह** बग्ने देश हामीलाई दिनुहुनेछ । केवल परमप्रभुको **विरुद्धमा खड़ा नहोओ** । र **त्यस देशका मानिसहरुसित नडराओ**, किनकि उनीहरु त हाम्रा शिकार हुनेछन् । उनीहरुको सुरक्षा उनीहरुबाट हटिसकेको छ, तर परमप्रभु हामीतर्फ हुनुहुन्छ । उनीहरुसित नडराओ ।" गन्ती १४:७-९

प्रस्थान २३:२०-३३ "हेर, बाटामा तिमीहरुलाई रक्षा गर्नलाई र मैले तयार पारेको ठाउँमा तिमीहरुलाई पुऱ्याउँनलाई म एउटा दूत तिमीहरुका अगि-अगि पठाउनेछु । (२१) ध्यान दिएर तिनको कुरा सुन । तिनको विरुद्धमा नउठ, किनभने तिनले तिमीहरुको अपराध क्षमा गर्नेछैनन्, किनकि तिनैमा मेरो नाउँ छ । (२२) यदि तिमीहरुले तिनको कुरा सुन्यौ, र मैले भनेको सबै गऱ्यौ भने, म तिमीहरुका शत्रुहरुको शत्रु र तिमीहरुका विरोधीहरुको विरोधी हुनेछु । (२३) मेरो दूत तिमीहरुका अगिअगि जानेछन्, र एमोरी, हित्ती, परिज्जी, हिव्वी र यबूसीहरुको देशमा तिमीहरुलाई पुऱ्याउनेछन्, र म उनीहरुको नाउँनिशान मेटिदिनेछु । (२४) उनीहरुका देवताहरुलाई नढोग, पूजा नगर, र उनीहरुका रीतिअनुसार नगर, तर उनीहरुलाई बिलकुलै नाश गर, र उनीहरुका चोखा ढुङ्गाहरुलाई टुक्रा-टुक्रा पार । (२५) तिमीहरुले परमप्रभु आफ्ना परमेश्वरको आराधना गर्नू, र उहाँले तिमीहरुका अन्नपानीमा आशिष् दिनुहुनेछ । म

तिमीहरुका बीचबाट रोगहरु हटाइदिनेछु । (२६) तिमीहरुको देशमा कोही गर्भ तुहुने वा बाँझी हुनेछैन । म तिमीहरुलाई पूरा आयु दिनेछु ।" (२७) म आफ्नो आतङ्क तिमीहरुका अगिअगि फैलाउनेछु, र तिमीहरु जुन जातिकहाँ जानेछौ उनीहरु सबैमा गोलमाल ल्याउनेछु । म तिमीहरुका सबै शत्रुहरुलाई तिमीहरुको सामुन्नेबाट भगाउनेछु । (२८) म तिमीहरुका अगिअगि अरिङ्गाल पठाउनेछु, र त्यसले हिव्वी, कनानी र हित्तीहरुलाई तिमीहरुका सामुन्नेबाट धपाउनेछ । (२९) तर म उनीहरुलाई तिमीहरुका सामुन्नेबाट एकै वर्षमा धपाउनेछैनँ, नत्रता देश उजाड़ भएर जानेछ, र जङ्गलका जन्तुहरु तिमीहरुका लागि संख्यामा धेरै हुनेछन् । (३०) तिमीहरु बढ़ेर त्यो देश आफ्नो अधिकारमा नपारुञ्जेल अलि-अलि गरेर म उनीहरुलाई तिमीहरुका सामुन्नेबाट धपाउनेछु ।" (३१) "म तिमीहरुका सिमाना लाल समुद्रदेखि पलिश्तीहरुको समुद्रसम्म, र उजाड़-स्थानदेखि यसो यूफ्रेटिससम्मै तोकिदिनेछु । **म त्यस देशका बासिन्दाहरुलाई तिमीहरुका हातमा सुम्पनेछु,** र **तिमीहरुले उनीहरुलाई धपाउनेछौ** । (३२) **तिमीहरुले उनीहरु र उनीहरुका देवताहरुसँग करार नबाध्नू ।**

(३३) **तिमीहरुको देशमा उनीहरुलाई बस्न नदिनू,** नत्रता **उनीहरुले तिमीहरुलाई मेरो विरुद्धमा पाप गर्न लाउँछन्,** किनकि तिमीहरुले उनीहरुका देवताको पूजा गऱ्यौ भने तिमीहरु निश्चय नै उनीहरुका फन्दामा पर्नेछौ ।"

एमोरी, हित्ती, परिज्जी, कनानी, हिव्वी र यबूसीहरु एक प्रकारको सिद्धान्त र अन्धकारको शक्तिहरु हो र अनैतिक, पापयुक्त संस्कृति जस्तै सोदोम र गोमरा जो पापमा यति टाढा गयो कि परमेश्वरले हार मान्नु भयो र उहाँले उनीहरुको कुटिल पापलाई अरुमा निरन्तर र फैलिन दिनु भएन ।

२ कोरन्थी ६:१४-१८ अविश्वासीहरुसँग **एउटै जुवामा ननारिओ** । किनकि **धर्म र अधर्मको** के साझेदारी हुन्छ ? अथवा **अँध्यारोसँग उज्यालोको** के सहभागिता ? (१५) ख्रीष्टको बेलिआलसँग के सरोकार ? वा विश्वास गर्नेको विश्वास नगर्नेसित के समानता ? (१६) मूर्तिहरुसँग परमेश्वरको मन्दिरको के सम्झौता ? किनभने **हामी जीवित परमेश्वरका मन्दिर हौं**, जसरी परमेश्वरले भन्नुभएको छ, "**म** तिनीहरुमा **वास गर्नेछु,** र तिनीहरुका बीचमा **हिँड्डुल** गर्नेछु, र **म** तिनीहरुका **परमेश्वर हुनेछु**, अनि तिनीहरु मेरा प्रजा हुनेछन्" (१७) यसकारण तिनीहरुका **बीचबाट निस्केर आओ**, र तिनीहरुबाट तिमीहरु **अलग होओ**, परमप्रभु भन्नुहुन्छ । अशुद्ध कुरा केही नछोओ, र म तिमीहरुलाई ग्रहण गर्नेछु । (१८) **म** तिमीहरुका **पिता हुनेछु,** र तिमीहरु मेरा छोरा-छोरीहरु हुनेछौ, सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ ।

साँघुरो ढोका :

तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर, र यी सबै थोक **तिमीहरुका निम्ति थपिनेछन्** । मत्ती ६:३३

फराकिलो ढोका - अनाज्ञाकारिता र विद्रोह :

१ कोरन्थी १०:१-१३ भाइ हो, तिमीहरुले यो कुरा जान भनी म चाहन्छु, कि हाम्रा पुर्खाहरु सब बादलमुनि थिए, र सबै समुद्रको बीचबाट भएर गए । (२) अनि मोशामा तिनीहरु सबैले बादल र

समुद्रमा बप्तिस्मा पाएका थिए । (३) सबैले एउटै आत्मिक भोजन खाए । (४) सबैले आत्मिक पानी पिए, किनकि तिनीहरुका साथसाथै हिँड्ने आत्मिक चट्टानको पानी तिनीहरुले पिए र त्यो चट्टानचाहिँ खीष्ट नै हुनुहुन्थ्यो । (५) तापनि तिनीहरुमध्ये **धेरैजसौसँग परमेशवर प्रसन्न हुनुभएन**, र तिनीहरु **मरुभूमिमा नष्ट** भए । (६) उनीहरुले जस्तै हामीले खराबीको इच्छा नगरौं भनी यी कुरा हाम्रो चेताउनीको लागि हुन् । (७) तिनीहरुमध्ये कतिभैँ तिमीहरु **मूर्तिपूजक** नहोओ । जस्तो लेखिएको छ, "मानिसहरु खान र पिउनलाई बसे, अनि नाच्नलाई उठे ।" (८) हामी **व्यभिचारमा** फस्नुहुँदैन, जसरी तिनीहरुमध्ये कति जना **फसे**, र एकै दिनमा **तेईस हजार मरेका** थिए । (९) हामीले प्रभुको परिक्षा गर्नुहुँदैन, जसरी तिनीहरुमध्ये कतिले गरे, र विनाशकबाट नष्ट भए ।(१०) हामीले **गनगन** गर्नुहुँदैन, जसरी तिनीहरुमध्ये कतिले गरे, र विनाशकबाट नष्ट भएका थिए । (११) यी कुराहरु तिनीहरुलाई **उदाहरणको रुपमा** भएथे र **हाम्रै शिक्षाको निम्ति** लेखिएका हुन्, जसमाथि युग-युगको अन्त्य आइसकेको छ । (१२) यसकारण जसले खड़ा छु भनी सोचेको छ, त्यो होशियार रहोस्, नत्रता त्यो लड्नेछ ।

माथि सबै पछि, जब उनीहरु अन्तत प्रतिज्ञाको देशमा आईपुगे, फेरि धेरैले त्यो भूमिमा पस्न इन्कार गरे किनकि त्यसको लागि त्यहाँ भएमा **पापयुक्त कुराहरुका विरुद्धमा लडाई गर्नुपर्ने** थियो र त्यसलाई त्यहाँबाट **धपाउनु** पर्ने थियो (हाम्रो जीवनको पाप) ।

मोशाले सबै मानिसहरुका निम्ति प्रार्थना गरे : तब परमप्रभुले भन्नुभयो, "तैंले भनेबमोजिम **मैले यिनीहरुलाई क्षमा गरिदिएको छु** । (२१) तापनि, जस्तो म जीवित छु र जसरी मेरो महिमाले पृथ्वी भरिएको छ, (२२) मिश्र र उजाड़-स्थानमा मेरो महिमा र आश्चर्यकर्महरु देखेर पनि अनाज्ञाकारी भई **दश** पल्ट **मेरो जाँच गर्ने** यी सारा मानिसहरुले (२३) तिनीहरुका पुर्खाहरु शपथ खाएर भनेको प्रतिज्ञाको **देश देख्नेछैन** । मलाई तिरस्कार गर्नेले त्यो कहिल्यै देख्नेछैन । गन्ती १४:२०

- उनीहरु जसले विद्रोह गरे, **उनीहरु** परमेश्वरसित "**रगतको करार**"मा थिए र उनीहरुले क्षमा पाए - अनन्त जीवन पाए - तर यस पृथ्वीमा परमेश्वरको "दूध र मह" बग्ने राज्यको **आनन्द पाउन सकेनन्** ।
- जसले विश्वासद्वारा विश्वास गरे र आज्ञाकारी भए उनीहरुलाई मात्र "प्रतिज्ञाको भूमि"मा ल्याईयो अर्को महान् अगुवा **यहोशू** द्वारा ।
    - **येहोशू** अन्य जवान मानिसहरु जस्ता थिएनन् । प्रस्थान ३३:७-११
    - **कालेब** बाँकी अन्यहरु जस्ता थिएनन् । गन्ती १४:२४
    - **दाऊद** बाँकी अन्यहरु जस्ता थिएनन् । प्रेरित १३:२२

यी पदहरुले दाऊदको हृदयलाई उजागर गर्दछ, उनी व्यक्तित्वलाई :

भजनसंग्रह २६:३-७; १०१:१-४ मेरो आँखाको सामुन्ने कुनै नीच कुरा म राख्नेछैन ।

- जसरी शैतानले येशूको सामुन्ने संसारको राज्यहरु राख्यो, त्यसरी नै त्यसले ती सबै गर्नेछ जसले हामीलाई पाप गर्नलाई परिक्षा ल्याउनेछ र हाम्रो आँखाको सामुन्ने कामुक कुराहरु ल्याउनेछ ।
- म तपाईलाई बेजोड़कासाथ अनुरोध गर्दछु कि दाऊदले गरे झैँ गर्नुहोस् र **कहिल्यै** अश्लील वा अनैतिक कुराहरुलाई नहेर्नुहोस् जो शैतानले सबैतिर राखेको छ । शरिरको कामुकपन शक्तिशाली दबाब हो जसलाई हामी सबैले जित्नुपर्छ र निकाल्नु पर्छ ।  याकूब १:१२, १३-१५ हेर्नुहोस् ।

यहोशूले परमेश्वरको जातिलाई प्रतिज्ञाको भूमिमा लगे, तर उनीहरुले त्यो भूमिको लागि **लड़ाई गर्नुपर्ने थियो** किनकि त्यो ठाउँ **खराबद्वारा ओगटिएको थियो** । हाम्रो जीवनमा जति धेरै खराब त्यति नै बढी लडाईको खाँचो पर्दछ त्यो भूमिलाई सफा पार्नको निम्ति ।

यहोशू १:१-९ .....(७) **बलियो** र अति **साहसी** हो । मेरो दास मोशाले तँलाई आज्ञा गरेअनुसार सबै व्यवस्था पालन गर् । त्यसबाट दाहिनेतिर वा देब्रेतिर नफर्कनू, र **तँ जहीँ गए पनि सफलता पाउनेछस्** । (८) व्यवस्थाको यो **पुस्तक** तेरो ओठबाट **नहटोस्,** तर त्यसमाथि तैंले **दिनरात ध्यान गर्नू** अनि त्यसमा **लेखिएका सबै कुरा होशियारीसाथ पालन गर्नू,** र **तेरा सबै मार्गहरुमा तैंले उन्नति गर्नेछस् र सफलता पाउनेछस्** । (९) तँलाई मेरो आज्ञा छ बलियो र खूबै साहसी हो, नडरा, निराश नहो, किनकि **तँ जहाँ गए पनि, परमप्रभु तेरा परमेश्वर, तेरो साथमा हुनुहुनेछ** ।

- व्यवस्थाको पुस्तक हाम्रो सृष्टिकर्ताको निर्देशन वा संचालकको पुस्तक हो, जसमा राज्यमा कसरी लामो समयसम्म स्वस्थ र सम्पन्न जीवन बाँच्ने भन्ने सिकाईएको छ ।

- तर जसरी इस्त्राएलीहरु जीए र मिश्रको अधीनमा बन्धक बनाईए त्यसरी नै हामी संसारमा जीएका थियौ यसको खराब शासकको अधीनमा र त्यसका खराबी र विनाशकारी तरिकाहरु सिकेका थियौ जसले हामीलाई गम्भीर क्षति पुऱ्याएको थियो ।

- हाम्रो पिताले, मिश्रमा झै, उहाँको पुत्रलाई पठाउनुभयो, निर्दोष थुमा जसले उहाँको रगतद्वारा हामीलाई छुट्कारा दिनुभयो र हामीलाई स्वतन्त्र बनाउनुभयो र हामीलाई उहाँको राज्यमा ल्याउनुभयो । (कलस्सी १:१३)

हामीले पनि सबै खराबी विरुद्ध लडाई गर्नुपर्छ र त्यसलाई हाम्रो जीवनबाट निकाल्नुपर्छ यदि हामी त्यो परमेश्वरको राज्य प्रतिज्ञाको देशका आशिष्हरु र प्रशस्तताको जीवनको आनन्द लिन चाहन्छौ भने ।

आत्मिकी युद्ध उग्र हुँदै छ र त्यो युद्ध तपाईलाई हराउने र तपाईलाई परमेश्वरको राज्यबाट बाहिर राख्नको लागि हुँदैछ किनकि परमेश्वरको राज्यमा शत्रुहरुले तपाईलाई छुन सक्दैन । (१ यूहन्ना ५:१८)

र, जसरी धेरै "उहाँका मानिसहरु"ले त्यो देशका शत्रुहरुलाई धपाउन चाहेनन्.....त्यसरी नै आज धेरै परमेश्वरका मानिसहरु परमेश्वरको राज्यमा जीईरहेका छैनन् तर "पापका अभिलाषाहरु"लाई रोजिरहेका छन् जसले तपाईलाई बन्धक बनाउँछ र तपाईलाई गम्भीर चोट र क्षति पुऱ्याउँदछ। (२ तिमोथी २:२४-२६)

**बाटो फराकिलो** र **सजिलो** छ किनकि धेरै बाटोहरुमध्ये तपाईले **भिड़लाई मात्रै पछ्याउनुभयो** जसले विनाशतर्फ डोऱ्याउँदछ।

तर केवल "**एउटा साँघुरो बाटो"**मात्र छ जसले प्रशस्तताको जीवनतर्फ डोऱ्याउँदछ र साँचो स्वतन्त्रता दिँदछ - र त्यो बाटो **उहाँको बाटो** हो - परमेश्वरको राज्यको जीवन।

येशूले भन्नुभयो:

> म त तिमीहरुले **जीवन** पाऊन्, र त्यो **प्रशस्त मात्रामा** पाऊन् भन्ने हेतुले आएँ। यूहन्ना १०:१०
>
> **बाटो, सत्य र जीवन म नै हूँ**। मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन। यूहन्ना १४:६

- ......स्वर्गको राज्य जोड़ले अगि **बढ़िरहेको** छ, अनि **शक्तिशाली मानिसहरु बलजफतीसँग यसलाई पक्रन्छन्**। मत्ती ११:१२

- प्रेरित १४:२१-२२ तिनीहरुले त्यस सहरमा सुसमाचार प्रचार गरेर धेरै चेलाहरु बनाए, र तिनीहरु लुस्त्रा, आइकोनियन र एन्टिओखियामा फर्के, चेलाहरुका आत्मालाई सुदृढ़ गराउँदै उनीहरुलाई विश्वासमा रहिरहने अर्ती दिए, र **धेरै कष्ट सहेर हामी परमेश्वरको राज्यमा प्रवेश गर्नुपर्छ** भनी उनीहरुलाई भने।

हामीमध्ये हरेक, दैनिक रुपमा, हामी आफैलाई निरन्तर रुपमा सोच्नु र सोध्नु आवश्यक छ : **म कुन बाटोमा छु ? यसले मलाई कहा पुऱ्याउँछ ? यो बाटोले मलाई कुन राज्यतर्फ डोऱ्याउँदैछ ? यसको परिणाम के हुन्छ ?**

"फराकिलो बाटो" सजिलो छ र **अभिलाषाहरुले अत्यन्त उत्साहजनक** छ। "**पापका अभिलाषाहरु"** अधिक लोभ्याउने र विवश पार्ने खालका छन् तर अन्त्य "**विनाशकारी**" छ।

तिमीहरुका सामुन्ने मैले निकाल्न लागेका **जातिहरुका चालचलनमा तिमीहरु नहिँड्नू**। **तिनीहरुले यी सबै काम गरेका थिए**, त्यसैकारण **मैले तिनीहरुलाई घृणा गरें**। लेवी २०:२३

यर्मिया १०:२ जाति-जातिहरुका चाल **नसिक,** (३) किनकि जाति-जातिका **रीतिथिति** त व्यर्थ छन् ।

येशूले भन्नुभयो : **साँच्चै,** म तिमीहरुलाई भन्दछु, पाप गर्ने **प्रत्येक** पापको **कमारा** हो । यूहन्ना ८:३४

- फराकिलो ढोका र फराकिलो बाटोले दासत्वमा डोऱ्याउँछ, क्षति पुऱ्याउँछ र नाश पार्छ । हामी सबैलाई थाहै छ : चोर त **चोर्न, मार्न र नाश** पार्न मात्र आउँछ । यूहन्ना १०:१०

यूहन्ना ८:३५-३६ कमारो सधैंभरि घरमा रहँदैन, तर पुत्रचाहिँ सधैंभरि घरमा रहन्छ । यसकारण **पुत्रले** तिमीहरुलाई **स्वतन्त्र** गरायो भने तिमीहरु **निश्चय स्वतन्त्र** हुनेछौ ।

- पुत्रलाई अधिकार छ कमारालाई उसको स्वतन्त्रता दिने । र त्यो नै वास्तवमा येशूले हामी सबैको लागि गर्नुभयो, उनीहरुको लागि जसले उहाँको अधिकार पहिचान गरे र उहाँलाई **विश्वास** र **ग्रहण** गरे । उहाँले हामीलाई अन्धकारको राज्यदेखि छुटाउनुभयो, र आफ्ना प्रिय पुत्रको राज्यभित्र हामीलाई सार्नुभएको छ ।    कलस्सी १:१३

र त्यसपछि स्वतन्त्र भईरहन : "तिमीहरु **मेरो वचनमा रह्यौ** भने (राज्यका तरिकाहरु सिक्ने र मान्ने) तिमीहरु साँच्चै मेरा चेला हो । तब तिमीहरुले के **सत्य** हो सो जान्नेछौ, र **सत्यले तिमीहरुलाई स्वतन्त्र तुल्याउनेछ** ।" यूहन्ना ८:३१-३२

**यस संसारको ढाँचामा नचल**, तर **आफ्नो मनमा नयाँ भई** पूर्ण रुपले **परिवर्तित होओ**, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरुले जाँच्न सक । रोमी १२:२

२ कोरन्थी १०:२-६ ......जुनहरुले हामी **सांसारिक तरीकाले** काम गर्छौं भन्ने शङ्का गर्छन् । (३)किनभने हामी संसारका हौं, तापनि सांसारिक लड़ाइँ त लड्दैनौं । (४)किनकि हाम्रो युद्धका **अस्त्र-शस्त्र** सांसारिक होइनन्, तर **किल्लाहरु नाश** गर्ने **ईश्वरीय सामर्थ्य** तिनमा छ । (५) परमेश्वरको ज्ञानका विरुद्धमा खड़ा हुने **बहसहरु** र हरेक अहङ्कारपूर्ण बाधालाई हामी नाश गर्छौं, र **हरेक विचारलाई** खीष्टको **आज्ञापालन गर्नलाई वशमा पार्छौं** । (६) तिमीहरुको आज्ञाकारिता पूरा भएपछि हरेक अनाज्ञाकारितालाई दण्ड दिन हामी तयार बस्नेछौं ।

यो हामीहरुको मुख्य लड़ाइँ हो - आफ्नो मनमा नयाँ भई (के सही र गलत, के हामीले गर्छौं र के हामीले गर्दैनौ)

- हाम्रो दिमागी कम्प्युटर रिप्रोग्राम गर्नलाई बिग्रीएको सफ्टवेयर बदल्नु आवश्यक हुन्छ । त्यसको लागि हेरक दिन "परमेश्वरको वचन" घण्टौं पढ्नु, अध्ययन गर्नु र स्मरण गर्नु आवश्यक हुन्छ ।

र - हरेक विचारलाई वशमा लिन र त्यसलाई "वचन"ले भनेअनुसार बदल्न र मान्न ।

- तपाईले तपाईका कत्ति विचारहरुलाई, वशमा पार्नुभयो ?

यो लड़ाइँ हामीले निरन्तर लड्नुपर्छ र विजय माथि विजय पाउनुपर्छ, एमोरी, हित्ती, परिज्जी, कनानी, हिव्वी र यबूसीलाई एक पछि अर्को गर्दै धपाएर ।

जब हामी परमेश्वरको राज्यमा रहन्छौं, हामी **राज्यका सिद्धान्तहरु**लाई **स्वीकार्नेछौं** र त्यस अनुसार **जीउनेछौं** । उहाँमा रहन्छु भन्ने व्यक्ति आफै पनि उहाँको चालअनुसार चल्नुर्छ । १ यूहन्ना २:६

- खराबीलाई भलाईले जीत । रोमी १२:२१

- तिमीहरुको खेदो गर्नेहरुलाई आर्शीवाद देओ, नसराप । रोमी १२:१४

- जसले तिम्रो दाहिने गाला चड्काउला, त्यसलाई अर्को गाला पनि थपिदेओ । मत्ती ५:३९

- कृपा न्यायमाथि विजयी हुन्छ । याकूब २:१३

- देओ, र तिमीहरुलाई पनि दिइनेछ । लूका ६:३८

- तर जसले मेरो खातिर आफ्नो प्राण गुमाउँछ, त्यसले त्यो बचाउनेछ । लुका ९:२४

- पहिरन जो तपाईले लगाउने इच्छा गर्नुहुन्छ, संसारको पहिरन र शाररीक सजावटभन्दा बढी, त्यो हो **राज्यको पहिरन** :
  - एफिसी ६:१०-१८ परमेश्वरका सारा हातहतियार **उठाओ** ।
  - हितोपदेश ३:२१-२२ सद्दे बुद्धि र विवेकलाई जोगाइराख्, ती तेरो निम्ति जीवन, र तेरो गलामा **शोभाको** गहना झैँ हुनेछन् ।
  - १ पत्रुस ३:२-४ तिमीहरुका जीवनको शुद्धता श्रद्धा देख्दा तिनीहरुको परिर्वतन हुनेछ । केशको सिङ्गार, सुनको गहनापात र दामी वस्त्र तिमीहरुको बाहिरी सिङ्गारपटार नहोस् । तिमीहरुका भित्री हृदयलाई भलो र शान्त आत्माको अविनाशी रत्नले सजाओ, जो परमेश्वरको दृष्टिमा साह्रै मूल्यवान् छ । (लेवी १९:२८)

यो पदले भन्दैछ कि भित्री सुन्दरता चाहिँ बाहिरी सुन्दरताभन्दा अत्यन्तै सुन्दर र आकर्षक हुन्छ र यो नै हाम्रो पहिलो प्राथमिकता हुनुपर्छ ।

यूहन्ना १५:१९ **यदि तिमीहरु यस संसारका हुँदा हौ त** संसारले तिमीहरुलाई आफन्त ठानी माया गर्नेथियो । तर **तिमीहरु यस संसारका होइनौ**........

- तसर्थ, किन हामी संसारको देखिन पहिरन र काममा **कठिन प्रयास** गर्दछौं ? (लेवी १९:२८)
- जसले हाम्रो पहिरन र कामहरु गर्छन् त्यसले दावा गर्छ कि हामी त्यसलाई रिजाउन खोजि रहेकाछौं?

यूहन्ना १७:१४ .......किनकि तिनीहरु **संसारको होइनन्,** जसरी **म संसाको होइनँ** ।

कलस्सी २:२० यदि संसारका आधारभूत सिद्धान्तहरुप्रति ख्रीष्टसँग तिमीहरु मरेका छौं भने, यस संसारका जस्ता भई किन तिमीहरु बाँचिरहन्छौ ? नियमहरुका अगि किन झुक्छौ ?....संसार र यसको तरीका परमेश्वरको राज्यको भन्दा उल्टो र प्रतिपक्ष छ ।

भजनसंग्रह १:१-३ धन्य हो त्यो मानिस, जो दुष्टहरुको सल्लाहमा **हिँड्दैन**, जो पापीहरुको मार्गमा खड़ा हुँदैन, अनि गिल्ला गर्नेहरुको सङ्गतमा बस्दैन । (२) तर **परमप्रभुको व्यवस्थामा नै त्यो खुशी रहन्छ**, र त्यसले दिनरात उहाँकै व्यवस्थामा **मनन** गर्छ । (३) त्यो खोलाको किनारमा रोपेको बोटजस्तै हुन्छ, जसले आफ्नो ऋतुमा **फल दिन्छ**, अनि जसको पात कहिल्यै ओइलाउँदैन । **त्यसले जे पनि गर्छ, त्यसमा त्यो सफल हुन्छ** ।

“तिरस्कार गर्नेहरुको ठाउँमा बस्ने” सम्बन्धमा :

आजका “**विश्वविद्यालयहरुले”** फराकिलो बाटो अपनाईरहेका छन्, सत्यको सम्बन्धमा । उनीहरुले यो विश्वास गर्छन् कि सत्य **सापेक्ष** छ । सत्य के हो आफूसँग भएको अवस्थामा भर पर्छ र एक जना मानिसको लागि यो घटना सत्य हुँदछ भने अर्को मानिसको लागि अर्को घटनामा त्यो सत्य हुँदैन । उनीहरु विश्वास गर्छन् कि पूर्ण रुपले कुनै सही र गलत हुँदैन, र यही नै उनीहरुको लागि स्वतन्त्रता हो ।

तर उनीहरु यो महशुस गर्दैनन् : **हरेक** जसले पाप गर्छ, त्यो पापको कमारा हो । हो, उनीहरु पापका अभिलाषाहरुको आनन्द उठाईरहेका हुनसक्छन् तर अन्तत नतिजा **जीवनको गम्भीर क्षति** हुँदछ ।

एउटा सिद्धान्त जसमा सत्य र नैतिक मान्यता कुनै ठोस हुँदैन तर यसमा रहने व्यक्ति वा समूहलाई सापेक्ष हुँदछ ।

- मानिसहरु यसलाई विश्वास गर्न मन पराउँछन् । यसले उनीहरुको चेतनालाई स्पष्ट बनाउँछ कि उनीहरु आफ्नो सहकर्मीलाई खुशी पार्न भीडको इच्छामा निरन्तर पछि लाग्छन् ।

भन्ने विवरण हो जो सिधैं अन्धकारको राज्यबाट आएको हो र यो पूर्ण रुपमा परमेश्वरको राज्यको प्रतिपक्ष हो ।

व्यवस्था १२:८ आज हामी **प्रत्येकले आफ्नो दृष्टिमा ठीक ठहरिएको कुरा गरेझैं** तिमीहरुले **नगर्नू** ।

पूर्ण सहि र गलत हुँदछन् र दुवैको आ-आफ्नो परिणाम हुँदछ ।

- स्वर्ग पूर्ण सत्य छ ।          र नर्क पूर्ण सत्य छ ।

- र स्वर्गको लागि एउटै मात्र बाटो छ ।   प्रेरित ४:१२

**धोकामा नपर**, परमेश्वरको ठट्टा हुँदैन, किनभने मानिसले जे **रोप्दछ त्यसैको कटनी पनि गर्नेछ** । **जसले आफ्नो पापमय स्वभावको निम्ति रोप्तछ**, त्यसले आफ्नो पापमय स्वभावबाट नै **सर्वनाशको कटनी गर्नेछ** । तर जसले **आत्माको निम्ति रोप्तछ**, त्यसले आत्माबाट नै **अनन्त जीवनको कटनी गर्नेछ** । गलाती ६:७-८

तिनीहरु जो फराकिलो ढोकाबाट र फराकिलो बाटोमा हिँड्दैछन् :

- पूर्ण सहि र गलतलाई इन्कार गर्दैछन् ।
- ज्योतिको लागि अन्धकार र अन्धकारको लागि ज्योतिलाई स्वीकार्दैछन् ।
- सत्यलाई झूठो र झूठोलाई सत्यमा परिणत गर्दैछन् ।
- राम्रोलाई नराम्रो र नराम्रोलाई राम्रो भन्दैछन् ।
- र महिमा लिनु जो शर्मनाक छ ।

यशैया ५:२०-२१ **धिक्कार** तिनीहरुलाई, जसले **खराबलाई असल र असललाई खराब भन्दछन्,** जसले **अँध्यारोलाई उज्यालो** र **उज्यालोलाई अँध्यारो** मान्दछन् अनि तीतोलाई मीठो र मीठोलाई तीतोको निम्ति लिन्छन् । धिक्कार तिनीहरुलाई, जो आफ्नै दृष्टिमा बुद्धिमान्, र आफ्नै नजरमा चलाक छन् ।

फिलिप्पी ३:१८-२१ मैले धेरै पल्ट बताएका मानिसहरुका बारेमा फेरि पनि म तिमीहरुलाई रुँदै भन्दछु कि तिनीहरु **खीष्टका क्रूसका शत्रुहरु**जस्तै जीवन बिताउँछन् । **विनाश** तिनीहरुको अन्त्य हो, पेट तिनीहरुको ईश्वर हो, र **तिनीहरु आफ्ना शर्ममा गौरव गर्दछन्**, र तिनीहरुको **मन सांसारिक कुरामा**

लागिरहन्छ । तर हाम्रो **नागरिकता स्वर्गमा छ** । त्यहाँबाट आउनुहुने मुक्तिदाता, अर्थात् प्रभु येशू ख्रीष्टको प्रतीक्षा हामी गर्दछौं ।

यस संसारको सिद्धान्तहरु परमेश्वरका राज्यका सिद्धान्तहरु सँग उल्टो र प्रतिपक्ष छ ।

लेवी १८:३-५ **तिमीहरुले** प्रवास गरेको मिश्रीका रीतिथिति **नमान्नू** । अनि अब म तिमीहरुलाई कनान देशमा लैजाँदैछु, यसकारण **त्यहाँका रीतिथिति र विधिहरु** पनि **नमान्नू** । (४) **तिमीहरुले** मेरा विधान र **विधिहरु पालन** गरेर त्यसअनुसार **चल्नुपर्छ** । म परमप्रभु तिमीहरुका परमेश्वर हुँ । (५) तिमीहरुले मेरा यी **विधिविधानहरु पालन गर्नू,** किनभने ती **पालन गर्ने मानिस तीद्वारा जीवित रहनेछ** । म परमप्रभु हुँ ।

लेवी १८ विशेष अनैतिक कार्यहरुका बारेमा निरन्तरता दिँदछ जसले सर्वनाश ल्याउँदछ ।

एक प्रकारको सिद्धान्तले झूठ, धोका, चोट, समस्या, पिड़ा, गरीबी, दासत्व, विनाश र मृत्यु ल्याउँदछ । र परमेश्वरको सिद्धान्तले सहि सम्बन्ध, सत्य, शान्ति, आनन्द र प्रशस्तताको जीवन ल्याउँदछ ।

२ पत्रुस १:३-११ आफ्नो **महिमा र श्रेष्ठताद्वारा** हामीलाई बोलाउनुहुनेलाई हामीले चिनेका हुनाले परमेश्वरको **दिव्य शक्तिद्वारा** जीवन र भक्तिको निम्ति हामीलाई चाहिने प्रत्येक थोक उहाँले दिनुभएको छ । (४) यसैद्वारा उहाँले हामीलाई उहाँको **अनमोल र महान् प्रतिज्ञाहरु** दिनुभएको छ, कि यस संसारका कुइच्छाबाट आउने भ्रष्टताबाट **उम्केर** तिमीहरु ईश्वरीय स्वभावका **सहभागी** हाओ । (५) यसै कारण सबै किसिमका **प्रयत्नद्वारा** तिमीहरुको **विश्वासमा सद्‌गुण** र सद्‌गुणमा **ज्ञान** थप, (६) ज्ञानमा **आत्मसंयम**, आत्मसंयममा **धैर्य,** धैर्यमा **भक्ति**, (७) भक्तिमा **भातृ-स्नेह**, भातृ-स्नेहमा **प्रेम** थप । (८) किनकि यी कुराहरु तिमीहरुमा प्रशस्त छन् भने हाम्रा प्रभु येशू ख्रीष्टको ज्ञानमा यी कुराहरुले तिमीहरुलाई बेकम्मा र निष्फल हुनदेखि बचाउनेछन् । (९) किनकि यी कुराहरुमा अभाव भएको मानिसचाहिँ पुराना पापहरुबाट शुद्ध भएको कुरा बिर्सेर अन्धा र टाढ़ाका कुरा नदेख्नेजस्ता हुन्छ । (१०) यसैकारण भाइ हो, तिमीहरुको बोलावट र चुनाउ निश्चय गर्नलाई अझ **जोशिला होओ**, किनकि **यी कुरा गर्नाले** तिमीहरु **कहिल्यै लोट्नेछैनौ** । (११) किनभने यसरी हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको **अनन्त राज्यभित्र** तिमीहरुलाई भव्य स्वागतसाथ प्रवेश मिल्नेछ ।

मेहनती र शर्तक हुन हामीले : तर तिमीहरुचाहिँ यस किसिमले प्रार्थना गर : 'हे हाम्रा पिता, जो स्वर्गमा हुनुहुन्छ, तपाईको नाउँ पवित्र होस् । (१०) **तपाईको राज्य आओस्** । तपाईको इच्छा स्वर्गमा जस्तो छ, त्यस्तै यस पृथ्वीमा पूरा होस् ।  मत्ती ६:९-१०

- “यस पृथ्वीमा”- जसद्वारा हामी बनेका छौं । यदि हामीले यो प्रार्थना भनिएको झै गम्भीर भएर गर्छौं भने, हामी इच्छा गर्दैछौ र विनय पूर्वक भन्दैछौ कि हामीहरुको जीवनमा राजाले राज गरुन् र हामी उहाँका आज्ञाकारी हुनेछौ । अन्तत, हामी उहाँका आज्ञाअनुसार, उहाँका सिद्धान्तअनुसार जिउँदछौ । नतिजा-हाम्रो जीवन :

- "स्वर्गमा जस्तै हुनेछ" - "**धार्मिकता** र शान्ति र आनन्द ।"

सिद्धान्त जो परमेश्वरको राज्यमा पछ्याउनु आवश्यक छ :

I. उहाँले हिँडे झै हामी हिड्नुपर्छ :

१ यूहन्ना २:६ उहाँमा रहन्छु भन्ने व्यक्ति आफै पनि उहाँको चालअनुसार चल्नुपर्छ ।

१ पत्रुस २:२१-२३ किनकि यसैको निम्ति तिमीहरु बोलाइएका हौ । ख्रीष्टले पनि तिमीहरुका निम्ति कष्ट भोग्नुभयो, अनि **तिमीहरुका लागि एउटा उदाहरण छोडिजानुभयो**, र तिमीहरु उहाँकै पाइलामा हिँड्नुपर्छ । (२२) "उहाँले कुनै **पाप गर्नुभएन**, र उहाँको मुखमा कुनै **छलको** कुरा पाइएन ।" (२३) तिनीहरुले उहाँलाई अपमान गर्दा उहाँले **साटो फेर्नुभएन** । दु:ख भोग्नुहुँदा उहाँले **धम्की दिनुभएन** । तर उचित न्याय गर्नुहुनेमाथि उहाँले भरोसा राख्नुभयो ।

यहून्ना १२:२६ कसैले मेरो सेवा गर्छ भने **त्यसले मलाई पछयाओस्** र म जहाँ छु, मेरो सेवक पनि त्यहाँ हुनेछ । **कसैले मेरो सेवा गर्छ भने पिताले त्यसको कदर गर्नुहुनेछ** ।

चेलाहरु आज्ञाकारी भए र उहाँलाई पछ्याए र उनीहरुले कदर पाए :

तब पत्रुसले भने,"हेर्नुहोस्, आफ्नो घरद्वार छोडेर हामी तपाईको पछि लागेका छौं ।" (२९) तब उहाँले तिनीहरुलाई भन्नुभयो,"साँच्चै म तिमीहरुलाई भन्दछु, जसले घर वा पत्नी, वा दाजुभाइ वा आमा-बुबा, अथवा छोराछोरीलाई परमेश्वरका **राज्यको** निम्ति त्याग्छ, (३०) त्यसले **यसै समयमा धेरै बढ़ी प्रतिफल पाउनेछ** र आउने युगमा **अनन्त जीवन** प्राप्त गर्नेछ ।" लुका १८:२८-३०

II. हामीले उद्धार मनले दिने जीवन जिउनुपर्छ :

पहिले देऊ र तिमीलाई पनि दिइनेछ (लुका ६:३८) **राज्यको सिद्धान्त** हो । संसारको सिद्धान्त "पहिले लिनु र राख्नु र अझ बढी लिनु ।"

परमेश्वरको राज्यमा तपाई : हारेर जित्नुहुन्छ /मरेर बाच्नुहुन्छ/दिएर फाइदा पाउनुहुन्छ/तल झरेर माथि उक्लिनुहुन्छ ।

येशू परमेश्वर, राजा प्रति कामको विश्वासयोग्यता र ईमानदारीको महत्व र आवश्यकता दर्शाउँदै हुनुहुन्छ ।

लुका १२:४२ प्रभुले भन्नुभयो,"**त्यो विश्वासी** र बुद्धिमानी भण्डारे **को हो**, जसलाई त्यसका मालिकले आफ्ना परिवारलाई निश्चित समयमा तिनीहरुका भागमा पर्ने भोजन दिनलाई खटाउनेछन् ?"

लुका १६:१०-१३ "**जो** थोरै कुरामा **ईमानदार हुन्छ**, त्यो धेरैमा पनि ईमानदार हुन्छ, र जो अति सानो कुरामा बेईमान हुन्छ, त्यो धेरैमा पनि बेईमान हुन्छ। (११) यसकारण तिमीहरु सांसारिक धनमा **ईमानदार** भएनौ भने, तिमीहरुलाई साँचो धनको जिम्मा कसले देला ? (१२) यदि तिमीहरु अर्काको धनमा ईमानदार भएनौ भने, तिमीहरुको आफ्नै धन तिमीहरुलाई कसले देला र ?

राज्यको सिद्धान्तमा विश्वासका साथ जिउँनाले समयसँगै पृथ्वीको राज्यमा तपाईको वरिपरि परिवर्तन ल्याउनेछ। यो कार्य राजा दाऊदको जीवनमा प्रदर्शन भईसकेको छ :

१ शमूएल ३०:२३-२५ दाऊदले भने,"परमेश्वरले हामीलाई रक्षा गर्नुभयो, यी सब दिनुभयो, र दुश्मनहरुलाई हाम्रा हातमा दिनुभयो। अब उहाँले दिनुभएका चीजहरुसँग त्यसो गर्नेछैनौं।........मालसामान हेर्न बसेकाहरुले लड़ाइँमा जानेहरुकै बराबर हिस्सा पाउनेछन्। सबैले बराबर हिस्सा पाउनेछन्। (२५) त्यस बेलादेखि उसो आजको दिनसम्म दाऊदले दिएको यही नियम इस्त्राएलमा चलिआएको छ।

यसै गरी, येशूले प्राय सबैलाई चङ्गाई दिनुभयो र सबैलाई बिना भेदभाव खुवाउनु भयो। वा, अर्को शब्दमा, राज्यको आशिषहरु सबैको लागि उहाँबाट बाहिर बगेर आयो।

मत्ती १०:८ बिमारीहरुलाई निको पार, मरेकाहरुलाई जीवीत पार, कुष्ठरोगीहरुलाई शुद्ध पार, भूतहरुलाई निकाल।

राज्यको सिद्धान्तमा जीउनु र आशिषहरु पाउनु भनेको हाम्रो वरिपरि भएकाहरुलाई, हाम्रो समुदायलाई शक्तिशाली गवाही दिनु हो, जसले हरेकको जीउने जीवनशैली र एक-अर्काप्रतिको प्रतिक्रियामा परिवर्तन ल्याउँन सक्दछ।

तपाईसँग अहिले जे छ, त्यसमा **विश्वास**साथ तपाई के गर्नुहुन्छ यो नै ईनामको लागि महत्व हो।

> हिब्रु ११:६ **विश्वासविना** परमेश्वरलाई प्रसन्न पार्नु असम्भव छ। किनकि जो परमेश्वरको नजिक आउँछ, त्यसले परमेश्वर हुनुहुन्छ र उहाँलाई खोज्नेहरुलाई उहाँले प्रतिफल दिनुहुनछ भन्ने पक्का विश्वास गर्नुपर्छ।

**परिश्रमी** - हरेक कार्यहरुलाई परमेश्वरबाटको विशेष कार्यभार भनेर ध्यानमा राखेर र यसलाई पूरा गर्न मेरा सम्पूर्ण शक्ति प्रयोग गरेर।

कलस्सी ३:२३ तिमीहरु जे गर्छौ  दिलोज्यानले गर, मानिसको होइन, तर प्रभुको सेवा गरेजस्तै ।

**दायित्व** - परमेश्वर र अरुहरु, मबाट के अपेक्षा गर्दछन् त्यसलाई थाहा पाउनु र गर्नु ।

रोमी १४:१२ यसैले हामी हरेकले परमेश्वरलाई आफ्नो लेखा दिनेछौ ।

मर्कूस १:१५ "समय पूरा भएको छ, र **परमेश्वरको राज्य** नजिक आइपुगेको छ । पश्चाताप गर, र सुसमाचारमा विश्वास गर ।"

- पश्चाताप गरको मतलब - तपाईको दिमाग परिवर्तन गर्नुहोस्, तपाईको सोच्ने तरिका परिवर्तन गर्नुहोस् ।

मर्कुस ४:२६-३४ उहाँले भन्नुभयो,"**परमेश्वरको राज्य** यस्तो हो- कुनै एक जना मानिसले जमिनमा बीउ छर्छ, (२७) र ऊ सुते पनि, जागा रहे पनि रातदिन त्यो बीउचाहिँ टुसाउँछ र बढ्छ, तर त्यो कसरी बढ्छ, सो उसले जान्दैन । (२८) जमिन आफैले उमार्छ, पहिले टुसा, त्यसपछि बाला, तब बालामा पूरा दाना लाग्छ । (२९) तर जब अन्न पाक्छ, तब तुरुन्तै उसले हँसिया लगाउन थाल्छ, किनभने फसलको बेला आइपुगेको हुन्छ ।"

रायोको बीउको दृष्टान्त : मर्कुस ४:३०-३२

उहाँले फेरि भन्नुभयो,"**परमेश्वरका राज्यको** तुलना केसँग गरौं ? अथवा कुन दृष्टान्तमा यसको व्याख्या गरौं ? (३१) यो त **रायोको बीउको दाना जस्तो छ**, जो जमिनमा छरिन्छ । पृथ्वीभरिमा सबै बीउहरुमा साना भए तापनि (३२) जब त्यो छरिन्छ, तब त्यो बढ्छ, र सबै सागपातहरुभन्दा त्यो ठूलो हुन्छ, र त्यसले ठूला-ठूला हाँगाहरु हाल्छ, र आकाशका पक्षीहरुले त्यसका छहरीमा गुँड़ लाउँछन् ।"

लूका ७:२८ म तिमीहरुलाई भन्दछु, "स्त्रीहरुबाट जन्मेकामध्ये यूहन्नाभन्दा महान् कोही छैन, तापनि जो **परमेश्वरको राज्यमा** सानोभन्दा सानोछ, त्यो तिनीभन्दा अझ महान् हुन्छ ।"

मत्ती ५:३ 'धन्य **आत्मामा दीन हुनेहरु**, किनभने स्वर्गको **राज्य** तिनीहरुको हो ।'

मत्ती ५:१० धन्य धार्मिकताको निम्ति **सताइनेहरु**, किनभने स्वर्गको राज्य तिनीहरुको हो ।

१ पत्रुस ३:१४ तर **धार्मिकताको** खातिर **दुःख** भोग्नैपरे तापनि तिमीहरु धन्यका हौ । तिनीहरुका धम्कीको डर नमान, र भयभीत नहोओ ।

मत्ती १९:१४-१५ तर येशूले भन्नुभयो, "**बालकहरुलाई** मकहाँ आउन देओ, तिनीहरुलाई नरोक । किनभने **स्वर्गको राज्य** यस्तैहरुको हो ।"

मत्ती २५:३४ "आओ, मेरा पिताका धन्यका हो! संसारको उत्पत्तिदेखि तिमीहरुका निम्ति तयार गरिएको **राज्यलाई अधिकार गर** ।"

लुका २२:२९-३० जसरी मेरा पिताले मलाई एउटा राज्य दिनुभयो, म पनि तिमीहरुलाई दिन्छु ताकि मेरो राज्यमा तिमीहरु **मेरा राज्यमा** तिमीहरु मेरो टेबिलमा खाने र पिउनेछौ ।

हिब्रु १२:२८-२९ यसकारण हल्लाउन नसकिने **राज्य पाएकोमा** हामी **कृतज्ञ होऔं** । त्यसैले हामी **भक्ति** र **भयसाथ** परमेश्वरलाई ग्रहणयोग्य हुने आराधना चढ़ाऔं । (२९) किनभने हाम्रा परमेश्वर भस्म पार्ने आगो हुनुहुन्छ ।